भोटखोला गाउँपालिका

# गाँउकार्यपालिकाको कार्यालय

सभा

पत्र संख्या:०७९/०८०
चलानी नं: ४०८

कोशी प्रदेश, नेपाल।
मिति: २०७९/१२/२४

विषय :- <u>व्यक्तिगत घटना दर्ता ससाह मनाउने सम्बन्धमा</u>

प्रस्तुत विषयमा व्यक्तिको कानुनी पहिचान स्थापित गर्न राज्यलाई नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्रासीको लागि व्यक्तिगत घटना दर्ता आवस्यक रहेकाले सो सम्बन्धी जनचेतना अभिवृद्धी गर्न यस भोटखोला गाउँपालिकामा यहि मिति २०८० बैशाख १ गते बाट ७ गते सम्म व्यक्तिगत घटना दर्ता ससाह मनाउने कार्यक्रम रहेको हुँदा तपाइहरूको परिवारका कोहि सदस्यको जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध बिच्छेद जस्ता व्यक्तिगत घटना दर्ता गर्न छुटेको भएमा आफ्नो वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता ससाहमा सहभागि भई व्यक्तिगत घटना दर्ता गर्नु हुन अनुरोध गरिएको छ।

साथै सामाजिक सुरक्षा भत्ता लिनका लागि योग्य लाभग्राहिहरुले पनि निवेदन दिन छुट भएको भए उक्त ससाहमा सहभागी भई निवेदन गर्नु हुन सम्पुर्ण भोटखोलाबासीमा अनुरोध गरिन्छ। व्यक्तिगत घटना दर्ता ससाह मनाउने कार्यक्रममा सहभागी होऔं सभ्य नागरिकको पहिचान बनाऔं ।

..........................
फुर्पु भोटे
प्रमुख प्रशासकिय अधिकृत

# व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८० साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीको लागि घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गरौं / गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

# जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

**जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।**

## जन्म



**जन्म दर्ता गराउँदा चाहिने कागजातहरु :**

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

## मृत्यु

**मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरु :**

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



## विवाह



**विवाह दर्ता गराउँदा चाहिने कागजातहरु :**

- विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक हुनुपर्छ ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत बारेसनामा

## सम्बन्ध विच्छेद

**सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरु :**

- सूचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानुन अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीतिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणिकरण गरेको सक्कल प्रति ।



## बसाइँ सराइ



**बसाइँ सराइ दर्ताका लागि चाहिने कागजातहरु:**

**बसाइँ सरेर जादा चाहिने कागजातहरु :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर जाने सुचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपर्छ ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर आँउदा घरमुली वा सूचकको नागरिकता

बसाइँ सराइ गरेर जाँदा (जुन ठाँउबाट जान लागिएको हो) र आँउदा (बस्न लागिएको नयाँ ठाँउ) दुबै ठाँउमा घटना दर्ता गर्नुपर्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना

२०८० साल बैशाख १ देखि ७ सम्म देशैभरी व्यक्तिगत घटना दर्ता सप्ताह संचालन भैरहेको छ । जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइ सराइजस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं र गराऔं । विद्यालय भर्ना गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, राहदानी बनाउन, नावालक परचियपत्र बनाउन, बैंकमा खाता खोल्न तथा सरकारले दिने अन्य सेवा लिन व्यक्तिग घटना दर्ता आवश्यक हुने भएकाले नर्विसि आजै वडा कार्यालय जाऔं ।

व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।

नभूल्नुहोस् है,

व्यक्तिगत घटना दर्ता सप्ताह,

बैशाख १ देखि ७ गते सम्म, देशैभरी ।

व्यक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौ । जिम्मेबार नागरिकको परिचय दिऔं ।

थप जानकारीका लागि कार्यलय समयभित्र १६६००१९६६६६ मा सम्पर्क गर्नुहोस् ।